नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।
## (आन्तरिक व्यवस्थापन शाखा)

फोन नं.: ४२००३०९
४२००२८१

पत्र संख्या: २०७५।७६
चलानी नं.: १९

**अत्यन्त जरुरी**

मिति : २०७५/०४/०३

विषय : कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा ।

श्री प्रदेश तहका निकायहरु (सबै),
श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाहरु (सबै),
श्री गाउँपालिकाहरु (सबै),
श्री जिल्ला समन्वय समिति (सबै) ।

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०३/३२ को निर्णयानुसार प्रदेश तथा स्थानीय तहमा खटिएका निजामती र निजामती बाहेकका अन्य स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन स्वीकृत भएकोले यसैसाथ संलग्न अनुसूची बमोजिम प्रदेश तह र स्थानीय तहका सबै निकायहरुले कार्यसम्पादन मूल्याङ्कन गर्नु गराउनु हुन अनुरोध छ ।

(रविन्द्रजंग थापा)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा (Website मा Upload हुन)

## अनुसूची-१

## प्रदेश तहको कार्यसम्पादन मूल्याङ्कन

क) सुपरिवेक्षक तथा पुनरावलोकनकर्ता

१) प्रदेश तहमा खटिएका सवै निजामती कर्मचारीहरुले कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित प्रदेश कार्यालयमा दर्ता गरी सुपरिवेक्षक समक्ष पेश गर्ने । राजपत्र अनंकित कर्मचारीहरुको कार्यसम्पादन मूल्याकंनको सुपरिवेक्षण सम्बन्धित प्रदेश मन्त्रालयको राजपत्राङ्कित तृतीय श्रेणीबाट र पुनरावलोकन सोही मन्त्रालयको राजपत्राङ्कित द्वितीय श्रेणीबाट गर्ने ।

२) राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको सुपरिवेक्षक सम्बन्धित प्रदेश मन्त्रालयको प्रदेश सचिवले गर्ने र पुनरावलोकनकर्ताको रुपमा सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवले गर्ने ।

३) प्रदेश मन्त्रालयका सचिव एवं प्रदेश मन्त्रालय अन्तर्गतका राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको सुपरिवेक्षक एवं पुनरावलोकनकर्ता सम्बन्धित प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रमुख सचिवले गर्ने तथा पुनरावलोकन समितिको लागि संघीय सरकारको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

ख) पुनरावलोकन समिति

१) राजपत्र अनंकित तथा राजपत्रांकित तृतीय श्रेणीका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागि देहाय बमोजिम पुनरावलोकन समितिको गठन गर्ने ।

| | |
|---|---|
| (क) सम्बन्धित प्रदेश मन्त्रालयको सचिव | अध्यक्ष |
| (ख) सम्बन्धित प्रदेश मन्त्रालयको प्रशासन शाखाका राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत | सदस्य |
| (ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत | सदस्य |

२) राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत कर्मचारीहरुको हकमा देहाय बमोजिम पुनरावलोकन समिति गठन गर्ने

| | |
|---|---|
| (क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव | अध्यक्ष |
| (ख) सम्बन्धित सेवा समूह संग सम्बन्धित राजपत्राङ्कित प्रथम श्रेणीका प्रदेश सचिव | सदस्य |
| (ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत | सदस्य |

(पुनश्चः सम्बन्धित सेवा/समूह संग सम्बन्धित राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत कर्मचारी नभए संघीय सरकारको सम्बन्धित सेवा समूह हेर्ने मन्त्रालयका राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई आमन्त्रित गर्ने)

शेषकुमार थपलिया
सचिव

## अनुसूची - २

## स्थानीय तहमा खटिएका निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन

क) सुपरिवेक्षक तथा पुनरावलोकनकर्ता

१) स्थानीय तहमा खटिएका निजामती कर्मचारीहरुले कार्यसम्पादन मूल्याङ्कन फारम भरी सम्बन्धित स्थानीय तहको कार्यालयमा दर्ता गरी सुपरिवेक्षक समक्ष पेश गर्ने । राजपत्र अनंकित निजामती कर्मचारीहरुको कार्यसम्पादन मूल्याकंनको सुपरिवेक्षण सम्बन्धित स्थानीय तहको राजपत्राङ्कित तृतीय श्रेणीबाट र पुनरावलोकन सोही कार्यालयको राजपत्राङ्कित द्वितीय श्रेणीबाट गर्ने ।

२) राजपत्राङ्कित द्वितीय श्रेणी नभएको कार्यालय प्रमुखको हकमा सम्बन्धित जिल्लाभित्रको पुनरावलोकनकर्ता सम्बन्धित जिल्लाको जिल्ला समन्वय अधिकारीले गर्ने ।

ख) पुनरावलोकन समिति

१) गाउँपालिकाको राजपत्र अनंकित श्रेणी र श्रेणीविहीन निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागि देहाय बमोजिम पुनरावलोकन समितिको गठन गर्ने ।

(क) सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी — अध्यक्ष

(ख) सम्बन्धित गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत — सदस्य

२) नगरपालिकाको राजपत्र अनंकित श्रेणी र श्रेणीविहीन निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागि देहाय बमोजिम पुनरावलोकन समितिको गठन गर्ने ।

(क) सम्बन्धित नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

(ख) सम्बन्धित नगरपालिकाको निजामती सेवाको अधिकृत — सदस्य

(ग) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत — सदस्य

तर, प्रमुख प्रशासकीय अधिकृत नभएको हकमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारीले अध्यक्षता गर्ने ।

३) महानगरपालिका र उपमहानगरपालिकाको राजपत्र अनंकित श्रेणी र श्रेणीविहीन निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागि देहाय बमोजिम पुनरावलोकन समितिको गठन गर्ने ।

(क) सम्बन्धित महानगरपालिका/उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

(ख) सम्बन्धित महानगरपालिका/उपमहानगरपालिकाका निजामतीतर्फ प्रशासन सेवाको अधिकृत — सदस्य

(ग) महानगरपालिका/उपमहानगरपालिकाकाको प्रमुख प्रशासकीय अधिकृतले तोकेको निजामती सेवाको अधिकृत — सदस्य

प्रमुख प्रशासकीय अधिकृत तथा अन्य अधिकृतहरुको कार्य सम्पादन मूल्याङ्कन नियमानुसार सुपरीवेक्षण तथा पुनरावलोकनकर्ताको मूल्याङ्कन गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आन्तरिक व्यवस्थापन शाखामा पठाउने ।

पुनरावलोकन समितिले गरेको कार्य सम्पादन मूल्याङ्कन फाराम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बढुवा शाखा र लोक सेवा आयोगमा पठाउने ।

## अनुसूची – ३

### स्थानीय तहमा कार्यरत निजामती बाहेकका अन्य स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन

सुपरिवेक्षक तथा पुनरावलोकनकर्ता:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ बमोजिम स्थानीय तहमा कार्यरत निजामती बाहेकका अन्य स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन देहाय बमोजिम गर्ने ।

१. गाउंपालिका र नगरपालिकामा कार्यरत निजामती बाहेकका अन्य स्थायी कर्मचारीहरु मध्ये सातौ वा सो सरह सम्मको कार्यसम्पादन मूल्याङ्कनको सुपरिवेक्षण निजामती सेवाको राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतले र पुनरावलोकन निजामती सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका प्रमुख प्रशासकीय अधिकृतले गर्ने । निजामती सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका प्रमुख प्रशासकीय अधिकृत नभएको गाउँपालिका र नगरपालिकाको हकमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिका जिल्ला समन्वय अधिकारीले पुनरावलोकन गर्ने । तर आठौं तहका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको सुपरिवेक्षण निजामती सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतले गरी पुनरावलोकन सम्बन्धित जिल्लाको जिल्ला समन्वय अधिकारीबाट गराउने ।

२. उपमहानगरपालिका/महानगरपालिकामा निजामती बाहेकका अन्य स्थायी कर्मचारीहरु मध्ये आठौं तह सम्मको कार्यसम्पादन मूल्याङ्कनको सुपरिवेक्षण निजामती सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतले गर्ने तथा पुनरावलोकन निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव वा सो सरहका अधिकृतले गर्ने ।

दिनेश कुमार थपलिया
सचिव

१५
१६२

अनुसूची – ४

विकास समिति ऐन, विशेष ऐन लगायत अन्य ऐनद्वारा गठित समिति, प्रतिष्ठान, आयोगमा कार्यरत निजामती सेवाका कर्मचारी तथा निजामती सेवा बाहेकका स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन त्यस्ता समिति, प्रतिष्ठान, आयोग खारेज भएका वा अन्यत्र गाभिएकाको हकमा तत् तत् मन्त्रालय वा निकायमा भरी मूल्याङ्कनका लागि पेश गर्ने । त्यस्ता समिति, प्रतिष्ठान, आयोगबाट स्थानीय तहमा खटिएका कर्मचारीहरुको हकमा सोही तहको कार्यसम्पादन मूल्याङ्कन विधि बमोजिम गर्ने ।

दिनेश कुमार थपलिया
सचिव